डोल्पो बुद्ध गाउँपालिका

Dolpo Buddha Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

धो, डोल्पा

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०८२/८३ चलानी नं. मिति २०८२/१२/१८

## गणक पदपुर्ति सम्बन्धी सूचना !!!
## (प्रथम पटक सूचना प्रकाशित मिति २०८२।१२।१८)

भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौको आ.व.२०८२/०८३ को स्वीकृत सशर्त कार्यक्रम अन्तर्गत गरिब परिवार पहिचान एवम् व्यवस्थापन सूचना प्रणाली (Poor Household Management Information System-PHMIS) मा गरिब परिवारको तथ्याङक सङ्कलन गर्नको लागि **"गरिव परिवार परिचय-पत्र वितरण कार्यविधि, २०७९"** बमोजिम देहायको योग्यता पुगेका इच्छुक नागरिकाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लगि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| बिज्ञापन नं. | सेवा/ समुह/ पद | माग संख्या | सेवा अवधी |
|---|---|---|---|
| ०६-२०८२/८३ | तथ्याङ्क सङ्कलन कर्ता (गणक) | १ | तथ्याङ्क सङ्कलन अवधिभर |

१. न्यूनतम शैक्षिक योग्यता र अनुभवः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ या प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको,
२. कम्प्युटर सफ्टवेयर चलाउन जान्ने, मोवाइलमा नेपाली युनिकोड टाईप गर्न सक्ने, एन्ड्रोइड फोन भएको र यस गाउँपालिकाको स्थायी वासिन्दा भएको,
३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरूः
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति,
४. उमेर: पुरुषको हकमा १८ वर्ष पूरा भइ ३५ वर्ष र महिलाको हकमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्ने छ।
५. परीक्षाको किसिमः मौखिक।
६. कार्यक्षेत्रः डोल्पो बुद्ध गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुमा।
७. दरखास्त फारम पाईने स्थानः गाउँपालिकाको कार्यालय वा www.dolpobuddhamun.gov.np बाट download गर्न सकिने।
८. दरखास्त बुझाउने स्थानः डोल्पो बुद्ध गाउँपालिकाको कार्यालय धो, डोल्पा।
९. करार सेवा अवधिः २०८३ असार मसान्तसम्म।
१०. सेवा सुविधाः प्रति घरपुरी तथ्यांक सङ्कलन गरेवापत रकम रु. ८५। रुपैयाँ सञ्चार खर्च एकमुष्ट रु. ७००/- यातायात तथा खाजा बापत तथ्याङक सङ्कलन भएको दिनको रु २००। रुपैया।-
११. दरखास्त दिने अन्तिम मितिः २०८२/१२/२४ सम्म

**नोटः** यस अघि तथ्याङ्क सङ्कलन कार्यमा संलग्न भएको गणक लाई प्राथमिकता दिइनेछ।
थप जानकारीको लागि सूचना प्रविधि शाखा ९८६८०११८०६।

(मनबहादुर थापा)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner